# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
गाईघाट, उदयपुर
१ नं. प्रदेश, नेपाल

०३५-४२०२५३
tnpag111@gmail.com
triyuga.mun@gmail.com


पत्र संख्याः- २०७८/०७९
चलानी नम्वरः-

**कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने वारे सूचना**

**(दोश्रो पटक प्रकाशित मितिः २०७८/१०/०३)**

त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुर मार्फत संचालन हुने आ.व. २०७८/०७९ को त्रियुगा नगरपालिकाका तथा संघीय सरककारवाट हस्तान्तरित (शसर्त अनुदान) वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सरककारको कृषि संग संवन्धित विभिन्न ऐन नियम, कृषि व्यावसाय प्रवर्द्धन कार्यविधि-२०७६, त्रियुगा नगरपालिकाका कृषि संग संवन्धित विभिन्न ऐन नियम र बजेटको परिधिमा रहेर देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न त्रियुगा नगरपालिका भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुरमा ७(सात) दिन (मितिः२०७८/१०/०९) भित्र सम्म तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

**कार्यक्रमको विवरण:**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलाप को विवरण | परिमाण | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| ८०१११४०३३०३ त्रियुगा नगरपालिका - कृषि | | | | |
| ९९१ | कृषकको मागमा आधारित कार्यक्रम | १ | कृषि संग सम्वन्धित माग वमोजिमको सामाग्रि उपलब्ध गराईनेछ। | कृषक/कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमी/निजि कम्पनी |
| १००० | बगर खेती कार्यक्रम | १ | कुल लागतको ५०-७५% वा बढीमा रु १लाख प्रति इकाई | कृषक/कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमी/निजि कम्पनी |
| १०१० | अनुदानमा मकै छोडाउने कर्ण सेलर वितरण | १ | अनुदानमा कृषि सामाग्रिहरु उपलब्ध गराईनेछ। | कृषक/कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमी/निजि कम्पनी |
| १०१३ | मोटर बोरिङ जडान तथा साना सिंचाई बिशेष कार्यक्रम (निर्माण तथा मर्मत संम्भार) | ६० | कुल लागतको वढिमा ८५प्रतिशत अनुदान। | कृषक/कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमी/निजि कम्पनी |
| १०१४ | व्यवसायिक कृषकको लागि मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्द्धन(थोपा सिंचाई सेट वितरण) | १ | अनुदानमा कृषि सामाग्रिहरु उपलब्ध गराईनेछ। | कृषक/कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमी/निजि कम्पनी |
| संघीय सरककारवाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)- प्रधानमन्त्री कृषि आधुनिनिकरण परियोजना | | | | |
| २.७.१५.१३१ | आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | ३ | कुल लागतको ५०-८५% वा बढीमा रु ४लाख | गत आ.व.२०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) |
| २.७.१५.१५० | अदुवा/बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संञ्चालन | ३ | कुल लागतको ५०-८५% वा बढीमा रु ४लाख | नयाँ स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) |

<u>आवश्यक कागजातहरु</u>

१. रु१०/-को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन।

२०७८/१०/०३

माधव राउत (अधिकृत छैठौं)
शाखा प्रमुख

# त्रियुगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कृषि विकास शाखा

गाईघाट, उदयपुर

१ नं. प्रदेश, नेपाल

०३५-४२०२५३
tnpag111@gmail.com
triyuga.mun@gmail.com


पत्र संख्याः- २०७८/०७९
चलानी नम्वरः-

२. नेपाली नगरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

३. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा संस्था, उद्यम, समुह तथा सहकारी दर्ता प्रमाण-पत्र(नविकरण भएको) र बैठक निर्णयको प्रतिलिपी।

४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नेपाली नगरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

५. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रतावित कार्ययोजना।

६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

७. PAN वा VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपी।

८. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन विवरण।

९. गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।

१०. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा सम्वन्धित वडाले सिफारिस गरेको जग्गाको क्षेत्रफल।

११. सम्वन्धित विषयमा प्रविधिक ज्ञान भए सो को प्रतिलिपी।

१२. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायवाट नलिएको वा नलिने स्वःघोषणा पत्र।

१३. लिजमा लिएको जग्गाको हकमा १० वर्षको करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा संम्झौता पत्र।

१४. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपी।

१५. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

१६. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु।

१७. प्रस्तावना निवेदन दस्तुर व्यक्तिगत फर्म रु.१००/-संस्थागत रु.२००/- त्रियुगा नगरपालिकाको राजश्व शाखा वा राजश्व शिर्षक नं. २०९०१००३०१०१०००४ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ।

आवश्यक जानकारिको लागि त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुरको फोन नं.०३५-४२०२५३/टोल फ्रि नं. १६६००१३५००१ मा संम्पर्क गर्न सक्नुहुनेछ।

२०७८/१०/०३

माधव राउत (अधिकृत छैठौं)
शाखा प्रमुख